परिवर्तन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पुललाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
(प्रशासन योजना तथा अनुगमन शाखा)
९८५७८४९००२

प.सं: २०८१/०८२
च.नं.

## नगर प्रहरी भर्ना सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२४)

यस कार्यालयको लागि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)को कार्यान्वयनार्थ नगर प्रहरी सेवा सञ्चालन सम्बन्धित कार्यविधी, २०८१ बमोजीम करार सेवामा नगर प्रहरी अन्तर्गका देहायका रिक्त पदहरुमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

१) आवश्यक माग पद संख्याः-

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | खुल्ला | समावेशी समूह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदीवासी/जनजाती | दलित |
| १ | ८/०८१/०८२ | नगर प्रहरी सहायक निरीक्षक | १ | १ | ० | ० | ० |
| २ | ९/०८१/०८२ | नगर प्रहरी जवान | ४ | २ | १ | १ | ० |

२. दरखास्त फारम दर्ता मितिः २०८१/०८/२४ गतेदेखि २०८१/०९/०९ गते सम्म कार्यालय समयमा (सार्वजनिक विदाको दिन बाहेक)

३. दरखास्त दिने स्थानः परिवर्तन गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय पुतलाचौर रोल्पा।

४. आवेदन दस्तुर

| | | |
|---|---|---|
| १ | नगर प्रहरी, सहायक निरीक्षक | रु ८००/- (आठ सय रुपैया मात्र) |
| २ | नगर प्रहरी जवान | रु ५००/ (पाँच सय रुपैया मात्र। |

५. उमेर हदः-

| क्र.सं. | पद | १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको तर(भूपु सुरक्षाकर्मीबाट निवृत्त व्यक्ति भएमा ४५ वर्ष ननाघेको) |
|---|---|---|
| १ | नगर प्रहरी, सहायक निरीक्षक/ नगर प्रहरी जवान | |

६. न्यूनतम योग्यता आवश्यकः-

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| नगर प्रहरी, सहायक निरीक्षक | १. शैक्षिक योग्यता मान्यता प्राप्त विद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको<br><br>२. मानवअधिकार र मानवीय कानूनको |

| | |
|---|---|
| | उलंघनमा सजाय नभएको,<br><br>३. प्रचलित कानुनले नैतिक पतन देखिनेगरी फौजदारी अभियोगमा सजाए नपाएको हुनुपर्ने,<br><br>४. राजनैतिक दलको सदस्य नरहेको,<br><br>५. उचाई,छाती र तौलः<br><br>क) पुरुष उचाई घटीमा ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० केजी<br><br>ख) महिला उचाई ५ फिट. तौल कम्तीमा ४२ केजी<br><br>६. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br><br>७. निरोगिताको प्रमाणपत्र पाएको,<br><br>८. नेपाली नागरिक<br><br>९. नेपाली वा विदेशी राष्ट्रको सुरक्षा निकायमा सेवा गरी सेवा निवृत भएको |

प.सं: २०८१।०८२
च.नं:

९८५७८४९००२

| | |
|---|---|
| नगर प्रहरी जवान | १. शैक्षिक योग्यताः मान्यता प्राप्त विद्यालयवाट कक्षा ८ वा सो सरह उतीर्ण गरेको,<br><br>२ . मानवअधिकार र मानवीय कानूनको उलंघनमा सजाय नपाएको हुनुपर्ने,<br><br>३. प्रचलित कानुनले नैतिक पतन देखिनेगरी फौजदारी अभियोगमा सजाए नपाएको हुनुपर्ने,<br><br>४. राजनैतिक दलको सदस्य नरहेको,<br>५ . उबाई छाती र तौलः<br><br>क.पुरुष उचाई घटीमा ५ फिट २ इन्च, छाती ३०-३१, तौल न्यूनतम ५० केजी<br>ख.महिला- उचाई ५ फिट, तौल ____ कम्तीमा ४२ केजी<br>६.आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. निरोगिताको प्रमाणपत्र पाएको,<br><br>८. नेपाली नागरिक<br>९. नेपाली वा विदेशी राष्ट्रको सुरक्षा निकायमा सेवा गरी सेवा निवृत भएको |

नोट- नगर प्रहरी, सहायक निरीक्षकको हकमा योग्यता नं ९ को हकमा सो सम्वन्धी योग्यता पुगेको कम्तिमा ३ बटा उम्मेदवारको दरखास्त प्राप्त भएमा अन्यको दरखास्त अस्वीकृत गरिनेछ र राजस्व फिर्ता गरिनेछ । अन्यथा अन्य योग्यता पुगेका समेतवाट प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ती गरिनेछ ।

७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु:-

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
ख. हलसालै खिचेको पुरै मुखाकृति दुवै कान समेत प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ३ प्रति
ग. आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति सो तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित।
घ.आदीवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदीवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित वडाको सिफारिसमा जिल्ला प्रशासनबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।
ङ.कामसंग सम्वन्धित अनुभव भए सोको कागजात
च.स्वघोषणा सहितको आवेदन फारम
छ.दरखास्त फारमसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टी सक्कल बमोजिम नक्कल ठिक छ" भनी उम्मेदवार स्वयमले अनिवार्य रुपमा दरखास्त गर्नु पर्नेछ ।

परिवर्तन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
(प्रशासन योजना तथा अनुगमन शाखा)

प.सं. २०८१।०८२
च.नं.

९८५७८४५००१

८. परीक्षा विधि:-

- प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दुरुस्ती परिक्षा

- लिखित परिक्षा:

  क. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरिने व्यहोरा जानकारी गराइन्छ।

  ख. वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

- अन्तर्वार्ता:

  स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दुरुस्ती परिक्षामा र लिखित परीक्षामा पास भएकालाई मात्र समावेश गराइनेछ।

९. सेवा अवधि: २०८२ असार मसान्त सम्म कार्यसम्पादनको आधारमा वर्ष पनि थप गर्न सकिने ।

१०. सेवा सुविधा: गाउँ कार्यपालिकाले तोकिए बमोजिम ।

<u>दरखास्त फारम</u>

स्वघोषणसहितको दरखास्त फारम गाउँपालिकाको प्रशासन शाखा वा गाउँपालिकाको बेवसाइट (www.paribartanmun.gov.np) मार्फत समेत प्राप्त गर्न सकिनेछ।

प्रेम जि.एम
प्रमुख प्रशासकीय अधिकृत

नोट: पाठ्यक्रम र परिक्षा मिति दरखास्त दर्ता मिति सकिएपछि प्रकाशित गरिनेछ ।